# पब्लिक सर्भिस कमिशनको सूचना नं. १

अर्थमन्त्रालयमार्फत सदर र मोफसलका भन्सार अड्डाहरूमा नियुक्त हुनालाई भारतमा भन्सार सम्बन्धी तालीम हासिल गर्न जान ६ जना ग्रयाजुएटको आवश्यकता छ । नेपाली जातीयता प्राप्त तथा अर्थशास्त्रको नोमिक्स लिई पास भएका उमेदवारले यस कमिशनका फाराम नं. प.स.क. १ मा आवेदनपत्र लेखी २००८ साल आश्विन ४ गते सम्ममा तलको ठेगानामा पठाउनुहोला । छानिएका उमेद्वारले तालीम पाउन जाँदा मासिक रु. २०० । भत्ता र नियुक्तिपछि ग्याजेटेड अफिसरको ग्रेड र स्केल पाउनुहुनेछ।

सरकारी बहालवालाले आफ्नो तैनाथवालामार्फत आवेदन गर्नुपर्छ । फाराममा शुल्कको कुरा लेखिए तापनि अहिले शुल्क बुझाउनुपर्दैन ।

# पब्लिक सर्भिस कमिशनको सूचना नं. २

शिक्षामन्त्रालयको निमित्त एकजना डेपुटी सेक्रेटरीको आवश्यकता छ, योग्यताका हकमा : १ कुनै स्वीकृत विश्वविद्यालयको ग्रयाजुएट हुनुपर्छ । २ शिक्षासम्बन्धी कामकाज र अफिसको राम्रो प्रबन्ध मिलाउन सक्ने हुनुपर्छ । ३ सेक्रेटरीका नोट इत्यादि ड्राफ्ट गर्न सक्नुपर्छ । ४ नेपाली जातीयता प्राप्त हुनुपर्छ। तलबमा मासिक मोरू. २००। र थप भत्ता मोरू. १५०। समेत जम्मा मोरू. ३५०। पाइने । उमेदवारहरुले पब्लिक सर्भिस कमिशनको फाराम नं. प. स. क. १ मा वा सोही ढाँचाको फाराममा २००८ साल आश्विन ४ गते सम्ममा आवेदनपत्र लेखी तलको ठेगानामा पठाउनुपर्छ ।

सरकारी बहालवालाले तालुकवालामार्फत आवेदनपत्र दिनुपर्छ ।

चेयरमेन — पब्लिक सर्भिस कमिशन,
सिंहदरबार ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# पब्लिक सर्भिस कमिशन

## दरखास्तपत्र

नं. प. स. क. १.

पद .. .. .. मन्त्रालय

१. उमेद्वारको नाम.

२. जात.

३. बाबुको नाम.

४. जन्मेको मिति तथा स्थान.

५. वतन ( जिल्ला, इलाका प्रगन्नासमेत )

६. हाल बसेको ठेगाना ( जिल्ला, इलाका, प्रगन्ना, हुलाकसमेत )

७. शिक्षा सम्बन्धी योग्यता :—

नेपाली मध्यम, संस्कृत मध्यमा र एस्. एल्. सी. अथवा ती सरहका हिन्दी परीक्षा तथा सोभन्दा माथिल्लो श्रेणीको परीक्षाफल.

| उत्तीर्ण भएको परीक्षा | पास भएको साल | परीक्षाफल विभेद | जाँच दिएको विषय | विशेष योग्यता |
|---|---|---|---|---|
| | | | | |

८. अनुभवको विस्तृत बयान.

९. अन्तिम परीक्षामा उत्तीर्ण भएपछि के गरी बसेको ?

१०. खेलकूदमा रुचि र त्यस विषयमा प्रमाणपत्र दिनेको नाम .

११. नातादारबाहेक परिचित २ जना प्रतिष्ठित व्यक्तिहरूका नाम, जसबाट प्रशंसापत्र पाइएको छ ।

१२. दाम बुझाएको इलाका, मालको नाउँ र रसीदको नम्बर मिति,

दरखास्त दिनेको सहि.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विशेष याद राख्नुपर्ने कुराः—

( १ ) सरकारिया नोकरीमा बहाल रहेका जवानले दरखास्त दिंदा आफ्नो तालुकवालामार्फत पठाउनुपर्छ ।

( २ ) नियुक्तिको निमित्त कुनै प्रकारको भनसुन गर्नु गराउनु अयोग्यता ठहरिनेछ।

( ३ ) इलाका, मालमा दाम बुझाएको रसीद दरखास्तसाथ पेश गर्नुपर्छ ।

( ४ ) आफूले पाएका प्रमाणपत्रहरूका रीतपूर्वकका नकल मात्र दरखास्तसाथ पेश गर्नुपर्छ ।

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।